“घोराही उपमहानगरपालिकाको योजना, कार्यक्रम तथा सार्वजनिक सेवा, सुविधाको प्रभावकारिता सम्बन्धमा”

# वार्षिक सार्वजनिक सुनुवाइ

आ.व ०७९/०८०

# कार्यक्रम प्रतिवेदन

**समाजका लागि सञ्चार पैरवी नेपाल**
**दाङ**

**घोराही उपमहानगरपालिका,**
**दाङ**

# बिषयसूची


**१. भूमिका** .......... 3

२. सार्वजनिक सुनुवाईको औचित्य .......... 3

३.कार्यक्रमको उद्देश्य : .......... 4

५. कार्यक्रम सञ्चालनको स्थान, मिति र समय : .......... 4

६. सार्वजनिक सुनुवाई सञ्चालन विधि : .......... 4

७. औपचारीक कार्यक्रम : .......... 5

९. उठेका प्रश्न र जिज्ञासा र उत्तर : .......... 6

१०. सार्वजनिक प्रतिबद्धता सार्वजनिकिकरण .......... 9

११. कार्यक्रमको समापन .......... 10

१०. समाचार तथा फोटो .......... 11

## १. भूमिका

नेपालको संविधानले सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामुलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभुति गर्ने व्यवस्था गरेको छ । नेपालको संघिय लोकतान्त्रिक गणतन्त्रात्मक शासन पद्धती अनुसार विकासका प्रयासहरुलाई स्थानीय तहबाट नै सुरु गर्न सरकारले विभिन्न नीति नियमहरु लागु गर्दै आएको छ। यी ऐन नीति नियम तथा कार्यक्रमहरुले स्थानीय तहको सञ्चालन तथा व्यवस्थापन कार्यलाई सुदृढीकरण गर्दै अगाडि बढाईरहेको छन् । सेवाग्राही नागरीकहरुलाई सुशासनको प्रत्याभूति दिनु र आम जनमानसमा स्थानीय तहहरुलाई सफल एवम् सबल निकायको रुपमा स्थापित समेत गर्नको लागि नेपाल सरकारले विभिन्न अनुगमन संयन्त्रहरु बनाएको छ । यि अनुगमन सुचकहरुको अग्रपक्तिंमा सार्वजनिक सुनुवाई पनि पर्न आउँदछ । स्थानीय तहहरु सञ्चालन गर्न बनेका ऐन तथा नियमहरुले स्थानीय तहहरुले एक आ.व.को चौमासीक वा त्रैमासिकमा सम्पादन गरेका कार्यहरुको सार्वजनिक सुनुवाई वर्षको कम्तिमा तीन वा चार पटक गर्ने गरी व्यवस्था मिलाइएको छ। स्थानीय स्वायत्त शासन ऐन २०५५, स्थानीय स्वायत्त शासन नियमावली २०५६ तथा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ ले स्थानीय निकायको सञ्चालन प्रक्रिया तथा अपनाउनु पर्ने सुशासनको प्रत्याभूतिको लागि गर्नुपर्ने कार्यक्रमहरुको पनि स्पष्ट व्यवस्था गरेको छ। ती व्यवस्थाहरु मध्ये सार्वजनिक सुनुवाई कार्यक्रम पनि एक हो । ऐन तथा नियमावलीहरुले गरेको व्यवस्थालाई सरल तथा प्रभावकारी ढंगले सञ्चालन गर्न सजिलो होस् भनी नेपाल सरकारले सार्वजनिक सुनुवाई कार्यविधी २०६७ कार्यान्वयनमा ल्याएको छ । यस निर्देशिका बमोजिम कुनै पनि स्थानीय तहहरुले वर्षको कम्तिमा तीन पटक सार्वजनिक सुनुवाई कार्यक्रम गर्नुपर्ने तथा सो कार्य कुनै पनि परामर्श, दातृ संस्था वा विज्ञहरुको सहजीकरणमा सो कार्यक्रम सञ्चालन गर्नुपर्ने उल्लेख गरेको छ । यिनै कुराहरुलाई ध्यानमा राख्दै यस घोराही उपमहानगरपालिकाले आ.व. २०८०/०८१ को एक वर्ष अवधिमा सञ्चालन गरेका योजना आयोजना तथा सम्पादन गरेका समग्रमा कार्यहरुको सार्वजनिक सुनुवाइ कार्यक्रम सञ्चालन गर्न समाजका लागि सञ्चार पैरवी नेपाललाई जिम्मेवारी दिएको सन्दर्भमा यस संस्थाको प्राविधिक सहयोगमा सञ्चालन भएको सार्वजनिक सुनुवाइ कार्यक्रमको विवरण यस प्रतिवेदनमा समावेश गरिएको छ।

## २. सार्वजनिक सुनुवाईको औचित्य

स्थानिय सरकार शासन सञ्चालन २०७४, तथा स्थानिय तहका लागि निर्माण गरिएको सुशासन प्रर्वद्धन कार्यनीति २०७७ ले हरेक स्थानीय तहले आफ्नो पालिकाले एक चौमासीक, त्रैमासीक वा वर्षभरी सञ्चालन र सम्पादन गरेको कामहरुको सार्वजनिक सुनुवाइ गर्नु पर्ने कुरा उल्लेख गरेको छ। घोराही उपमहानगरपालिकामा आ.व. २०७९।८० भित्र सञ्चालन गरेका विकास निर्माण कार्यहरु तथा स्थानीय नागरीकहरुका लागि पुऱ्याएको सेवा सुविधाहरुको विषयमा सेवग्राहीहरुको प्रतिक्रिया तथा गुणासाहरुका साथै आगामी दिनहरुमा सुधार गर्नका लागि चाल्नु पर्ने कदमहरु बारेमा जानकारी लिने महत्वपूर्ण कार्यका लागि सार्वजनिक सुनुवाइ कार्यले व्यवस्थापन गर्दछ। कानुनी शासन सामाजिक उत्तरदायित्व तथा सार्वजनिक जवाफदेहिताको कार्य जिम्मेवारी निभाउन यस कार्यले व्यवस्थित गरेको छ । यसको

साथै हालको केही वर्ष यता नेपाल सरकारले कार्यसम्पादनमा आधारित अनुदान वितरण पद्धती लागु गरेको र गाउँ तथा नगरपालिकाको सार्वजनिक सुनुवाइ कार्यलाई पनि एउटा सुचकको रुपमा राखिएकोले पनि यसको अपरिहार्यतालाई प्रष्ट पारेको छ ।

## ३.कार्यक्रमको उद्देश्य :

यस कार्यक्रमको मुख्य उद्देश्य घोराही उपमहानगरपालिकाबाट आ.व २०७९/०८० को एक वर्ष अवधिमा उपनगरपालिकाकाले नागरीकहरुलाई पुऱ्याएको सेवा सुविधा तथा सम्पादन गरिएका कार्यहरुको विषयमा जनताहरुको प्रतिक्रिया तथा गुणासाहरुलाई व्यवस्थापन गर्नु थियो । त्यस्तै स्थानिय तहबाट उपलब्धहुने वा उपलब्ध गराईएको सेवा, वस्तु र सुविधाका सम्बन्धमा अध्ययन अनुसन्धानबाट देखिएका सवाल/बिषयहरु सार्वजनिक गरी त्यस्ता विषयका सम्वन्धमा सार्वजनिक स्थलमा सेवाग्राही नागरिक तथा सार्वजनिक निकायका जिम्मेवार पदाधिकारी बीच दोहोरो संवाद (पश्न- उत्तर प्रकृया) बाट स्थानिय तहहरुले प्रदान गर्ने सेवा, सुविधा र बस्तुका सम्बन्धमा सेवाग्राही नागरिक प्रति जवाफदेहिता सृजना गरी प्रदत्त सेवा, सुविधा र बस्तुको गुणस्तर कायम गर्न टेवा पुऱ्याउनु तथा समग्रमा पारदर्शिता तथा जवाफदेहिताको माध्यमबाट सुशासनको प्रत्याभूति दिन सार्वजनिक प्रतिबद्धता कार्यान्वयन र अनुगमन गर्ने उद्देश्य रहेको थियो ।

## ५. कार्यक्रम सञ्चालनको स्थान, मिति र समय :

घोराही उपमहानगरपालिका आ.व. २०७९/०८० को एक वर्ष अवधिमा सम्पादन गरेका कार्यहरुको विषयमा २०८० साल श्रावन २८ गतेका दिन घोराही उपमहानगरपालिकाको सभाहलमा कार्यक्रम आयोजना गरिएको थियो । दिउँसो १ बजेबाट शुरु भएको यो कार्यक्रम ४ बजे सम्पन्न गरिएको थियो ।

## ६. सार्वजनिक सुनुवाई सञ्चालन विधि :

सार्वजनिक सुनुवाई कार्यविधि २०६७, र सुशासन प्रर्वद्धन रणनीति २०७७ बमोजिम स्थानीय तहहरुमा सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गर्ने र सामाजिक उत्तरदायित्व निर्वाह गर्ने अभिप्रायले घोराही उपमहानगरपालिकाले समाजका लागि सञ्चार पैरवी नेपालसँग सार्वजनिक सुनुवाइ कार्यक्रमको सहजीकरणको सम्झौता गरेको थियो । यस कार्यविधिमा उल्लेख भए बमोजिम सार्वजानिक सुनुवाइ कार्यक्रम गर्नु पूर्व १०० जना सेवाग्राहीहरुसँग नागरीक बर्हिगमन अभिमत र १०० जना सेवाग्राहीसँग नागरीक प्रतिवेदन पत्रको सर्वेक्षण गरिएको थियो । यस विधि कार्यान्वयन घोराही उपमहानगरपालिकाको सम्पुर्ण वडालाई समेट्ने गरी संचालन गरिएको थियो ।

## ७. औपचारीक कार्यक्रम :

घोराही उपमहानगरपालिकाको आयेजनामा तथा समाजका लागि सञ्चार पैरवी नेपाल दाङ्गको प्राविधिक सहयोगमा यहि मिति २०८० श्रावन २८ गते वार्षिक तथा त्रैमासीक सार्वजनिक सुनुवाइ कार्यक्रम सम्पन्न भएको थियो । घोराही उपमहानगरपालिकाका नगर प्रमुख नरुलाल चौधरीको अध्यक्षता भएको कार्यक्रममा नगर उपप्रमुख हुमा कुमारी डिसी, प्रमुख प्रशासकिय अधिकृत भोराज घिमिरे, सम्पुर्ण वडाका वडा अध्यक्षहरु, महाशाखा/शाखाका प्रमुखहरु, कार्यपालिका सदस्यहरु, वडा सचिवहरु तथा सम्पुर्ण कर्मचारीहरुको उपस्थिती रहेको थियो । त्यस्तै कार्यक्रममा घोराही उपमहानगरपालिकाबाट सेवा लिएका सेवाग्रहीहरु, टोल विकास संस्थाका प्रतिनिधिहरु, विभिन्न नागरीक समाज संस्थाका प्रतिनिधिहरु, लगायत तुलसीपुर वासीहरु गरी २०० जनाको सहभागीता रहेको थियो ।

यस सार्वजनिक सुनुवाईको कार्यक्रममा राष्ट्रिय गानबाट कार्यक्रमको उद्घाटन गरिएको थियो । घोराही उपमहानगरपालिकाका प्रशासन प्रमुख बासुदेव आचार्यको स्वागत मन्तव्यबाट सुरु भएको कार्यक्रममा सूचना अधिकारी भिम बहादुर चौधरीले यस वर्ष भित्र सम्पन्न गरिएका कामहरुको प्रगती प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । त्यस्तै समाजका लागि सञ्चार पैरवी नेपालको तर्फबाट आ.व. २०७९।०८० एक वर्ष भित्र सेवा लिएका सेवाग्राहीहरु सँग लिएको सर्वेक्षण मतको प्रतिवेदन छवी पुरीले प्रस्तुत गर्नुभएको थियो । त्यस्तैगरी कार्यक्रमको संचालन समाजका लागि सञ्चार पैरवी नेपाल दाङका अध्यक्ष नविन चौधरीले गर्नुभएको थियो ।

## ९. उठेका प्रश्न र जिज्ञासा र उत्तर :

मिति : २०८०/०४/२८

| क.सं. | प्रश्नकर्ताको नाम, थर, ठेगाना | सहभागीको प्रश्न/गुनासो/सुझाव | जवाफ दिने पदाधिकारीको नाम, थर, ठेगाना | जवाफको छोटकरी व्यहोरा |
|---|---|---|---|---|
| १ | रिता चौधरी, घोराही १७ दाङ | बहिराहरुलाई बजेटको व्यवस्थापन स्थानिय सरकारले गर्छ कि गर्दैन ? तिजको अवसरमा बहिरा लक्षित बजेट विनियोजन गरेको भए हुन्थ्यो । | नरुलाल चौधरी, नगर प्रमुख | बहिराका लागि मात्र बजेट छैन । अपांगता भएका व्यक्तिहरुका लागि भनेर एकमुष्ट बजेट विनियोजन गरिएको छ । त्यसबाट बहिराहरुले पनि फाइदा लिन सकिन्छ । साथै तिज विशेष कार्यक्रमका लागि वडामा पनि बजेट विनियोजन गरिएकोले सबैका लागि यो अवसर रहेको छ । |
| २ | शुद्ध बाठा मगर, घोराही १५ दाङ | वडा भेलाको बेलामा कसरी गरिन्छ ? किन हामीले उठाएको माग मुद्दा समेटिदैन ? | डल्लुराम पोखेल, १३ नं वडा अध्यक्ष | वडा भेला हामीले नगरको कार्यविधि अनुसार गरेका छौ । वडाको बजेट अनुसार योजनालाई प्राथमिकिकरण गर्ने भएको हुनाले त्यसो हुन गएको होला, अन्यथा सबै योजनालाई वडा र नगरबाट समेटेका छौ । |
| ३ | नारायण बहादुर, नेपाली घोराही २ दाङ | तिन वटा हम्पाईप माग गरेकोमा किन दुई वटा मात्र पाइयो ? शंकर वि.कको हकमा वडाबाट किन उपाचार सहयोग पाइएन ? | चित्र बहादुर चौधरी, २ नं वडा अध्यक्ष | वडाको बजेट अनुसार २ वटा हम्पाईप गएको हो । तपाईको ठाउँमा ८० प्रतिशत काम सम्पन्न भएको छ । बाँकि कामलाई यस वर्ष सम्पन्न गरिनेछ । शंकर बिकको उपचारका लागि वडाको बजेटबाट सम्भव नभएकोले नगरको कार्यविधि अनुसार नगरमा सिफारीस गरिएको छ । उहाँले पाउनु पर्ने रकम पाउनु हुनेछ । |
| ४ | मालती शर्मा, घोराही १५ दाङ | पुल भत्काएर किन पुनः बनाउने काम भएन ? | युवराज पौडेल, डिभिजन इन्जिनियर | तपाईको टोल र भत्काइएको पुलको अवलोकन गरी यस कामलाई अगाडी बढाइनेछ । |
| ५ | विशाल भण्डारी, घोराही ४ दाङ | १. ड्यामबाट सिचाईका लागि बिजुली संचालन गर्न दुई फेसको तारले हुदैन । आवश्यक विजुली कहिले सम्म उपलब्ध | नरुलाल चौधरी, नगरप्रमुख | नेपाल विद्युत प्राधिकरण सँग र संघिय सरकारको अवधारणा अनुसार बिजुलीको अभाव हुन नदिन आवश्यक पावर सहितको व्यवस्था सबैतिर गर्ने |

| | | | | |
|---|---|---|---|---|
| | | हुने ?<br>२. वडाको बजेटले विकास गर्न नभ्याउने, नगरको बजेले वडा नं ४ लाइ विभेद गर्ने यो के हो ? | | सहमती भएको छ । अब यसको अन्त्य चाँडै हुनेछ ।<br>अहिले हामी जहाँ विकासको आवश्यकता रहेको छ त्यही विकासको लागि बजेट व्यवस्था गरेका छौ । क्रमश सबै वडामा विकासको काम हुने भएकोले विभेद भने गरिएको हैन । |
| ६ | जिवन श्रेष्ठ, घोराही १४ दाङ | ढोडेनी गाउँमा सबै ऐलानी जग्गामा बसोवास भएकोले त्यँहाँ विकास हुन सकेको छैन । आवतजावतको लागि बाटो खोल्न र संचालन गर्न वडा र नगरले कहिले पहल गर्ने ? | भानसिहं बुढा, १४ नं वडा अध्यक्ष | त्यस गाउँमा विकासका लागि हामीले बाटो प्रशस्त गरेका छौ । अहिले नगरबाट पनि बजेटको व्यवस्था गरिएको छ । साथै पुराना बाटो खोल्ने कुरामा नगर सँग छलफल भएकोले यसको अध्ययन गरी बाटो सचालन गरिनेछ । |
| ७ | नर बहादुर बुढा, घोराही १४ दाङ | सभा गृहको आसपासमा नाला व्यवस्थापन हुन नसक्दा पानि जम्ने समस्या रहेको छ । सेल्यापको व्यवस्थापन कहिले हुने ? | भोजराज घिमिरे, प्रमुख प्रशासकिय अधिकृत | नाला व्स्थापनका लागि आवश्यक छलफल भएकोले यसको व्यवस्थापन नगरबाट यस वर्ष गरिनेछ । |
| ८ | मिना बुढामगर, घोराही १३ दाङ | बाटो बनाउनका लागि वडाको बजेटले पुग्दैन सबै बाटो अलपत्र हुने गरेको छ । राम्रो, गुणस्तरीय बाटो निर्माण कहिले हुने हो र प्रयाप्त बजेटको व्यवस्थापन कहिले हुने ? | नरुलाल चौधरी, नगरप्रमुख | हामीलाई थाहा छ कि वडाको बजेटले विकास गर्न सम्भव छैन, नगरको बजेटबाट पनि आवश्यक बजेट नहुदाँ बाटो पुरा बन्न सकेका छैनन् । यसको लागि प्रदेश र संघ सरकारको बजेटको आवश्यकता पर्ने भएकोले संघ र प्रदेश सरकारमा थप बाटो विकासका लागि सिफारीस गरी पठाइएको छ । यसको लागि आशा गर्न सकिन्छ । |
| ९ | चेतन प्रसाद पाण्डेय, घोराही ४ दाङ | सिमेन्ट फेक्टरीको प्रदुषण यन्त्र किन रामपुरमा राखिएको छ ? लमही - तुलसिपुर सडकको विकास कहिले हुने हो कि मान्छे मारी राख्ने हो ? | नरुलाल चौधरी, नगरप्रमुख | सिमेन्ट फेक्टरीको प्रदुषण रामपुरमा ठिक हुन्छ भन्ने अध्ययनका आधारमा राखिएको हो । त्यस ठाउँमा राखिएको कारण पश्चिमबाट हावा लाग्ने भएकाले प्रदुषण नाप्न सहज हुने हुन्छ ।<br>लमही - तुलसिपुर सडकको विकास नगरबो बजेट अथवा कार्यविधिले गर्न दिदैन । यो संघ र प्रदेश सरकार सँग सम्बन्धित छ । यसका लागि हामीले |

| | | | | |
|---|---|---|---|---|
| | | | | नगरबाट खबरदारी जारी राखेका छौ यस वर्ष फोरलेन सडक निर्माण कार्य ढिलो हुने भएकोले मर्मतका लागि विभिन्न निकाय सँग पहल र बजेट विनियोजन गरेका छौ । |
| १० | जंग बहादुर बुढा, घोराही ९ दाङ | हाम्रो टोलमा अहिले अटो रिक्सा छिर्न सक्ने बाटो छैन ? के यसको विकासको लागि वडाले केही गर्न सक्दैन ? | नरुलाल चौधरी, नगरप्रमुख | तपाईको टोल र बाटोको थप अध्ययन गरी वडा सँगको समन्वयमा बाटो निर्माण कार्य अगाडी बढाइनेछ । |
| ११ | खुमा वली, घोराही ६ दाङ | अहिले बबई नदिले रापेको धान पुर्ण रुपमा क्षती गरेको छ । तठबन्धको काम नगरले कहिले गर्छ ? | नरुलाल चौधरी, नगरप्रमुख | नगरबाट २ चार वटा जाली दिदैमा बबई नदिको कटान रोक्न सकिने अवस्था छैन । यसको लागी सबैतिर तठबन्ध बनाउनुपर्ने हुन्छ । यसको लागि कटान हुने ठाउँमा प्रदेश सरकार सँगको समन्वयमा काम अगाडी बढाइनेछ । |
| १२ | बिमला भण्डारी, घोराही १३ दाङ | सेवार खोलामा वर्षेनी बाढी जाने र क्षती हुने हुदाँ तठबन्ध कहिले बन्छ ? | नरुलाल चौधरी, नगरप्रमुख | तठबन्धका लागि नगरमा छलफल भएको छ । वडा सँगको सहकार्यमा सेवार खोलाको कटान हुने क्षेत्रमा तठबन्ध यस वर्ष निर्माण हुनेछ । |
| १३ | ठरीलाल चौधरी, घोराही २ दाङ | निमुरिया तर्फको सडक विस्तार र कालोपत्रे कहिले हुन्छ ? | नरुलाल चौधरी, नगरप्रमुख | यस वर्ष देखि त्यस क्षेत्रको कालो पत्रे र सडकको स्तर उन्नती हुने कार्य अगाडी बढेको छ । |
| १४ | पुष्पा रिजाल, घोराही १७ दाङ | सडकमा धेरै खाल्डाखुल्डी भएका कारण राती सुत्न सकिने अवस्था छैन । कि सडक निर्माण गर्नु पर्‍यो कि टिपर आतंक रोक्नु पर्‍यो ? | हुमा कुमारी डिसी, नगर उपप्रमुख | सडक निर्माण तथा मर्मतका लागि नगरबाट काम भईरहेको अवस्था छ । फोरलेन सडक निर्माणमा नगरको अधिकार नभएकोले यसको लागी हामीले अहिले केह ीगर्न सक्ने अवस्थाम छैनौ । त्यसैले रातीको समयमा टिपर संचालन हुन नदिन टिपर व्यवसायि सँग आवश्यक छलफल गर्नेछौ । |
| | | | | |

## १०. सार्वजनिक प्रतिबद्धता सार्वजनिकिकरण

यस सार्वजनिक सुनुवाइको अन्तिममा सम्पुर्ण घोराही उपमहानगरपालिकाका नागरीकहरुको समस्या तथा सवालहरुलाई सम्बोधन गर्न र स्थानिय तहमा नागरीकहरुलाई सुशासनको प्रत्याभुती गराउन सार्वजनिक प्रतिबद्धता सार्वजनिकिकरण गरेको छ ।

घोराही उप-महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
घोराही, दाङ, लुम्बिनी प्रदेश, नेपाल

फोन-फ्याक्स : ०८२-५६०१६२
५६०२४३
५६१२६८
५६०७००
बारुण यन्त्र : ०८२-५६०४९९
www.ghorahimun.gov.np

मिति : २०८०।०४।२८ गते

**सार्वजनिक प्रतिबद्धता**

यस घोराही उपमहानगरपालिकाको सार्वजनिक सेवा प्रवाहलाई स्वच्छ, निश्पक्ष, जनमुखी, पारदर्शी तथा भ्रष्टाचार मुक्त बनाउन र नागरिकप्रति जवाफदेही स्थानीय सरकार निर्माणका लागि घोराही उपमहानगरपालिकाको तर्फबाट तपसिल बमोजिमको सार्वजनिक प्रतिबद्धता व्यक्त गर्दछौ ।

तपसिलः

१. घोराही उपमहानगरपालिकाका सम्पूर्ण वडाहरुको चौमासिक तथा वार्षिक सार्वजनिक सुनुवाई सञ्चालन गर्न वडा तहमै बजेट व्यवस्थापन गरी आम नागरीकहरुको सवाल, गुनासो तथा प्रतिक्रियालाई उचित ढंगले व्यवस्थापन गर्न प्रतिबद्ध छौ ।

२. सार्वजनिक सुनुवाई कार्यक्रममा उठेका नागरिकहरुको सवाल, गुनासो तथा प्रतिक्रियालाई दस्तावेजिकरण गरी प्रभावकारी रुपले अक्षरसः कार्यान्वयन गर्न प्रतिबद्ध छौं ।

३. घोराही उपमहानगरपालिकाबाट सञ्चालित योजनाहरुलाई कार्यान्वयन गर्न अनुगमनको संयन्त्रलाई प्रभावकारी बनाउन प्रतिबद्ध छौ ।

४. घोराही उपमहानगरपालिकाको सेवा प्रवाहलाई चुस्त, दुरुस्त बनाई आम नागरिकहरुलाई सहज, सरल र प्रभावकारी सेवा प्रदान गर्न प्रतिबद्ध छौ ।

प्रतिबद्धता व्यक्त गर्ने

| भोजराज घिमिरे | हुमा कुमारी डि.सी. | नरुलाल चौधरी |
|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | नगर उपप्रमुख | नगर प्रमुख |

'हरित क्रान्ति आत्मनिर्भरता, सहभागिता र समता-मानव विकास स्वस्थ र स्वच्छ घोराही उप-महानगरपालिका'

## ११. कार्यक्रमको समापन

यस घोराही उपमहानगरापलिकाको आ.व ०८०/०८१ को वार्षिक सार्वजनिक सुनुवाइ कार्यक्रम नगर प्रमुख नरुलालल चौधरीको अध्यक्षतामा सम्पन्न भएको थियो । सार्वजनिक सुनुवाइको जवाफदेही बक्ताको रुपमा नगर प्रमुख नरुलाल चौधरी, नगर उप्रमुख हुमा डिसी, प्रमुख प्रशासकिय अधिकृत भोजराज घिमिरे, वडा अध्यक्षहरु, वडा सचिव तथा महाशाखा, शाखाका प्रमुखहरुको सहभागीता रहेको थियो । त्यस्तै कार्यक्रममा विभिन्न सार्वजनिक निकायका सरोकारवालाहरु, नागरीक समाज संघसंस्था, उद्योगी, व्यावसायी, टोल विकास संस्था, उपभोक्ता समितिका पदाधिकारी, विकास साझेदार निकाय तथा गैससका प्रतिनिधि, उद्योग वाणीज्य संघ, नेपाल पत्रकार महासंघ, आम उपभोक्ता र सर्वसाधरण नागरिक गरी २५० जनाको सहभागिता रहेको थियो ।
यस अवसरमा विभिन्न सेवाग्राही नागरीकहरुले आ-आफ्नो गुणासो तथा प्रतिक्रिया राख्नु भएको थियो । सार्वजनिक सुनुवाइमा उठेका नागरीकहरुका गुणासा तथा समस्याहरुको बारेमा नगर नरुलाल चौधरी, नगर उप्रमुख हुमा डिसी, प्रमुख प्रशासकिय अधिकृत भोजराज घिमिरे, महाशाखा/शाखाका प्रमुखहरु, वडा अध्यक्षहरु लगायतले सम्बोधन तथा व्यवस्थापन गर्नुभएको थियो ।

यस सार्वजनिक सुनुवाइमा बोल्दै नगरप्रमुख नरुलाल चौधरीले घोराही उपमहानगरको सेवा प्रवाहलाई प्रभावकारी ढंगले सञ्चालन गर्न तथा विभिन्न योजनाहरुलाई पारदर्शी रुपमा प्रस्तुत गर्न आफु प्रतिबद्ध रहेको बताउनु भयो । उहाँले विभिन्न खालका विकृतीहरुले गर्दा सेवा प्रवाहमा समस्या आएकोले यसलाई सहि ढंगबाट व्यवस्थापन गर्न नियमित सार्वजनिक सुनुवाइ कार्यक्रमको आयोजन ागर्ने बताउनुभयो । यस सार्वजनिक सुनुवाइ कार्यक्रमबाट अझै पनि कार्यालय भित्र पारदर्शिता, जवाफदेहीता तथा कर्मजारी र जनप्रतिनिधिहरु जनताप्रति उत्तरदायी हुनुपर्ने निष्कर्ष रहेको छ । हरेक विकास निर्माणको कामलाई गुणस्तरी बनाउँदै नागरीकहरुको सहभागीता वृद्धि गर्दै सूचनाको पहुँचमा पुऱ्याउनुपर्ने देखिएको छ । त्यस्तै सेवाग्राहीहरु नागरीकहरुलाई नागरीक वडापत्रको बारेमा जानकारी नभएको कारणले सेवालाई प्रभावकारी, छिटाो, छरीटो बनाई विकास पुर्वाधार, स्वास्थ्य तथा सरसफाई लगायतका कार्यक्रमलाई प्राथमिकता दिनुपर्ने देखिएको छ । यस प्रतिवेदनमा आएको नतिजाअनुसार यस कार्यालयले योजना तथा कार्यक्रम प्रभावकारी रुपले कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

नेपालको संविधानमा उल्लेखित हक तथा अधिकारलाई प्रत्याभुती गर्दै पालिकालाई अझ बढि नागरीक मैत्री बनाउन जोड गर्नुपर्ने र नागरीकका आवश्यकता पहिचान गर्दै योजना तथा कार्यक्रमहरु निर्माण गर्नुपर्ने यस प्रतिवेदनको निष्कर्ष रहेको छ ।

## १०. फोटोहरु













घोराही उपमहानगरपालिकाको (आ.व ०७९।०८०)

# वार्षिक सार्वजनिक सुनुवाइ

# नागरीक प्रतिवेदन पत्र

## अध्ययन प्रतिवेदन


अध्ययनकर्ता

समाजका लागि सञ्चार पैरवी नेपाल दाङ

# नागरिक प्रतिवेदन पत्रको परिचय


स्थानिय तहले प्रवाह गर्ने सेवाको कार्य सम्पादनबाट नागरिकहरुले प्रत्यक्ष/अप्रत्यक्ष रुपमा प्राप्त गरेको सेवा, सुविधा, सहभागिता र सेवाग्राहीहरुले सेवाहरु ग्रहण गर्दाको प्रत्यक्ष अनुभवलाई समेटिने गरि मूल्यांकन कार्यमा उनीहरुलाई पनि सहभागि बनाउने सहभागितात्मक सर्वेक्षण पद्धति बारे जानकारी लिइ सोको आधारमा सम्बन्धित कार्यालयको मूल्याकंन गरि पृष्ठपोषण गर्ने परिपाटी नागरीक प्रतिवेदन पत्र Citizen Report Card हो ।

यो सर्वेक्षण यस वर्ष भित्र सेवा लिएका सेवाग्राहीहरु संग गरिएको छ ।


# नागरिक प्रतिवेदन पत्रको आवश्यकता

- राज्यबाट प्रवाह भएका सेवाहरुको स्थिति र त्यसको नागरिक वा सेवाग्राहीहरुमा पर्न गएको प्रभावका बारेमा बुझ्न,
- नागरिकहरुको हित कल्याणको लागि राज्यकोषको कसरी उपयोग भइरहेको छ सो बारेमा सुचना प्रदान गर्न


# लिङ्ग विवरण




# उत्तरदाताको सामाजिक विविधता




# अन्य प्रकारको विविधता




# उत्तरदाताहरुको पेशा




# उत्तरदाताहरुको अध्ययन




# १. सेवाको सन्तुष्टी


१.१ तपाई यस कार्यालयबाट दिने सेवाबाट कत्तिको सन्तुष्ट हुनुहुन्छ ?
उत्तरदाताको ववरण
४०
६०
३०
सन्टुष्ट
ठिकै
असन्टुष्ट


# १.२ सेवा लिन जाँदा कर्मचारीको व्यवहारबाट तपाई कत्तिको सन्तुष्ट हुनुहुन्छ ?




## १.३ सेवा लिन जाँदा जनप्रतिनिधिको व्यवहारबाट तपाई कत्तिको सन्तुष्ट हुनुहुन्छ ?




# २. सेवाको नियमितता


२.१ नागरिक वडापत्रमा उल्लेख भएअनुसार सेवा लिंदा लागेको समयप्रति तपाई कत्तिको सन्तुष्ट हुनु हुन्छ ?
उत्तरदाताको ववरण
३५
४५
२०
सन्टुष्ट
ठिकै
असन्टुष्ट


# २.२ तपाईले सेवा लिन जाँदा अतिरिक्त रकम दिनु पर्‍यो ?




## २.३ कार्यालयले सेवाग्राही/नागरिकका समस्या समाधान गर्न औसत कति दिन लगाउने गरेको पाउनु भयो ?




# सेवाप्रतिको जनविश्वास



# ३.२ कार्यालयमा कार्यरत कर्मचारीप्रति तपाई कत्तिको विश्वास गर्नु हुन्छ ?




# ३.३ कार्यालयले विपन्न वर्गको लागि छुट्याएको सेवा उनीहरूले प्रयोग गरेको जानकारी छ ?




# ४. सेवाको गुणस्तर


## ४.१ सेवा लिंदा कार्यालयले दिएको जानकारीबाट कत्तिको सन्तुष्ट हुनु हुन्छ?



# ४.२ तपाई कार्यालयमा सेवा लिन जाँदा कसको सहयोग लिनु हुन्छ ?




# ४.३ तपाइलाई कार्यालयबाट एउटा काम लिन कति पटक आउनु पर्‍यो ?





# ५. सेवा सम्बन्धी जानकारी

५.१. कार्यालयमा राखिएको नागरिक वडापत्रका बारेमा तपाईलाई जानकारी छ ?




## ५.२. स्थानीयस्तरमा सञ्चालन गरिने सार्वजनिक कार्यक्रममा विपन्नवर्गको उपस्थिति कति प्रतिशत सम्म हुने गरेको छ?





५.३. यस पालिकाले निर्माण गर्ने नीति निर्माण प्रकृयामा सबैको प्रतिनिधित्व निर्माण भएको छ ?
उत्तरदाताको ववरण
३०
४०
३०
छ
ठिकै
प्रतिनि धत्व धेरै कम छ

# ६. नागरीक वडापत्र, उजुरी पेटिका, गुणासो सुनुवाइ सम्बन्धमा




## ६.२. सेवाप्रदायक कार्यालयहरूले नागरिक वडापत्रको अनुशरण कत्तिको गरेका छन् ?





६.३. स्थानीय सेवाग्राहीले उजुरी पेटिकामा कत्तिको उजुरी गर्छन् ?
उत्तरदाताको ववरण
१००
धेरै
ठिकै
थाहा छैन

# ६.४ सेवाग्राही नागरिकको गुनासो सुनुवाई भएको पाउनु भएको छ ?



# ७. सिफारिस सम्बन्धमा




७.२. कुनै सिफारिसको लागि लाग्ने दस्तुर बाहेक थप रकम दिनु पर्‍यो ?



# ७.३. कार्यालयबाट सिफारिस लिंदा कसको सहयोग लिनु भयो ?




# ७.४. राजश्व, शुल्क, दस्तुर को-को सँग उठाउने गरिएको छ ?




# ८. सरसफाई तथा पूर्वाधार सम्बन्धमा


## ८.१ तपाइको कार्यालयमा सरसफाई तथा जनस्वास्थ्य सम्बन्धी कार्यक्रम कत्तिको प्रभावकारी छ ?




# ८.२ तपाईंको वडामा सञ्चालन भएका विकास निर्माणका योजना कत्तिको गुणस्तरीय बनेका छन्?




# ८.३ योजना सञ्चालन गर्दा प्राविधिक सहयोग कत्तिको पाउनु भयो ?




# ८.४ योजनाको बिल भुक्तानी दिने व्यवस्था कस्तो छ ?




## ८.५ योजनाहरू जाँसपास गर्दा प्राविधिकलाई थप रकम दिनुपर्‍यो ?




# ८.६ स्थानीय कार्यालयहरूबाट विकास निर्माण सम्बन्धी जानकारी माग्दा पाउनु भयो ?




## ८.७ योजना सञ्चालन गर्दा यस कार्यालयबाट कत्तिको सहयोग पाउनु भएको भयो ?




# ९. पार्दर्शिता सम्बन्धमा




## ९.२ यदी भएको भए, सार्वजनिक सुनुवाइमा गरिएका प्रतिबद्धता कत्तिको कार्यान्वयन भएका छन्?



# ९.३ सार्वजनिक सुनुवाइको अनुगमन गर्ने संयन्त्र विकास भएको छ ?



# ९.४ यस पालिकाको वार्षिक नीति तथा कार्यक्रम बारेमा जानकारी पाउनु भएको छ ?



# घोराही उपमहानगरपालिकाको (आ.व ०७९।०८०)

# वार्षिक सार्वजनिक सुनुवाइ

## नागरीक अभिमत संकलन (Exit Poll)

# अध्ययन प्रतिवेदन


**अध्ययनकर्ता**

**समाजका लागि सञ्चार पैरवी नेपाल दाङ**


# नागरीक अभिमत संकलन

- कार्यालयको ढोकाबाट बाहिर निस्कने बित्तिकै सेवाग्राहीले प्राप्त गर्न चाहेको वा प्राप्त गरेको सेवाका बारेमा सोधपुछ गरी अभिमत लिइने कार्य नागरीक अभिमत संकलन हो ।
- यस अभिमतबाट सेवाग्राहीले लिन चाहेको सेवाको गुणस्तर, सेवाप्रदायकहरुले सेवाग्राहीलाई गरेको व्यवहार र समग्र सेवाका बारेमा सेवाग्राहीको धारणा, अपेक्षा, गुनासा तथा सुझावहरु प्राप्त हुन्छ ।


# लिङ्ग विवरण




# उत्तरदाताको सामाजिक विविधता



# अन्य प्रकारको विविधता




# शैक्षिक विवरण




60
50
40
30
20
10
0
48
40
12
साक्षर
उच्च माध्या मक तह
स्नातक तह
साक्षर
उच्च माध्या मक तह
स्नातक तह


# सेवा लिन कार्यालयसम्म आउन लागेको समय




# कार्यालय सम्म आनुको प्रायोजन




# कार्यालयमा सेवा लिन आएको काम




# प्राप्त सेवाप्रति सेवाग्राहीले दिएको अभिमत




# २. सेवा प्रदायक कर्मचारीले तपाईको आवश्यकता र अपेक्षा कत्तिको बुझेको जस्तो लाग्यो ?





३.जनप्रतिनिधिले तपाईको आवश्यकता र अपेक्षा कत्तिको बुझ्केको जस्तो लाग्यो ?
४५
५०
५
अति धेरै
ठिकै
अति थोरै
Series 1


# ४. तपाई प्रति सेवा प्रदायक कर्मचारीले कस्तो व्यवहार गरे ?




# ५. तपाई प्रति जनप्रतिनिधिले कस्तो व्यवहार गरे ?




## ६. सेवा प्राप्त गर्न आवश्यक सूचनाहरु (जस्तैः आवश्यक प्रमाण, लाग्ने शूल्क वा दस्तुर र समय) बारे तपाईलाई सेवा प्रदायक कर्मचारीले स्पष्ट पारे की पारेनन् ?




## ७. तपाईले प्रस्तुत गर्नु भएको समस्यालाई  सेवाप्रदायक कर्मचारी ले के कस्तो समाधान दिए ?




# ८. सेवा प्रदायकको  कार्यालयमा सुचना प्रविधिको प्रयोग कस्तो पाउनु भयो ?




# ९. सेवा प्रदायक संस्थामा समावेशी सेवा प्रवाहको प्रक्रिया कस्तो देखिन्छ ?



# १०. सेवा प्राप्त गर्न अपनाइएको प्रक्रिया कस्तो लाग्यो ?



## ११. कोभीड १९ जस्ता माहामारी बारे सावधानीको अभ्यास (सामाजिक दुरि, मास्कको प्रयोग, सावुन पानीले हात धुने व्यवस्था, शौचालय, सफा खाने पानी आदिको व्यवस्था) कस्तो रहेको छ?



# राम्रो लागेका कुराहरु

- कार्यालयमा आउँदा मोटरसाइकल पार्किङको राम्रो व्यवस्थापन भएको छ ।
- सेवाग्राहीका लागि खानेपानिको उचित व्यवस्थापन गरिएको छ ।
- कार्यालय परिसर भित्र सेवाग्राहीका लागि बस्ने व्यवस्थापन गरिएको छ ।
- कर्मचारी तथा जनप्रतिनिधिहरुले सेवाग्राहीलाई गर्ने व्यवहारमा परिवर्तन आएको छ ।
- कृषि क्षेत्रका लागि किसानहरुलाई वितरण गरिएको कृषि औजारले कृषि क्षेत्रमा राम्रो विकास भईरहेको छ ।
- स्वास्थ्यको क्षेत्रमा नगरले गरेको कामले सेवाग्राहीहरुलाई उपचारमा थप सहज भएको छ । (जस्तै: मोतिया विन्दुको अप्रेशन, निशुल्क रगत चेकजाँच आदि)
- प्राविधिक शिक्षा हासिल गर्न चहाने विद्यार्थीका लागि छात्रवृत्ति कार्यक्रमले विद्यार्थीहरुलाई उत्प्रेरीत गरेको छ ।
- गाउँकेन्द्रित पक्की सडक विस्तारले सेवाग्राहीहरुलाई आवातजावतमा सहजता आएको छ ।
- जेष्ठ नागरीक दिवा सेवा केन्द्रमा प्रदान गरिएको सामाग्रीहरुले जेष्ठ नागरीकलाई मन भुलाउने ठाउँ भएको छ ।
- फोहरबाट ग्याँस उत्पादन गरी सेवाग्राहीको घरसम्म पुगेको छ ।
- बालमैत्री आंचार संहिता लगायत सूचनामुलक विषयहरु वडामा टाँस गरिएको ।
- उन्नतजातका विउ बिजनहरु कृषकलाई निशुल्क वितरण गरिएको ।

# सुधार गर्नुपर्ने पक्ष

- किसानलाई समयमा नै मल, बिउ बिजन उपलब्ध अनिवार्य रुपमा गर्नुपर्ने । यदि मल उपलब्ध नभए सरकारले कुनै विकल्प किसानलाई दिनुपर्ने ।
- नगरले विकास निर्माणको योजना सँगै रोजगारी श्रृजना गर्ने खालका कार्यक्रमहरु प्राथमिकिकरण गरी वैदेशिक रोजगारीलाई निरुत्साहित गर्नुपर्ने ।
- घोराहीलाई प्लाष्टिक मुक्त शहरको रुपमा विकास गरी पूर्ण सरसफाई युक्त शहर बनाउनुपर्ने ।
- सिचाई तथा खानेपानिका लागि परम्परागत सिमसार क्षेत्रहरुको संरक्षण गर्नुपर्ने ।
- अलपत्र रहेका सडक तथा पुराना सडकहरुको स्तरउन्नती गर्नुपर्ने ।
- नमुना विद्यालय घोषणा गरिएका विद्यालयहरुमा कम्प्युटर, ल्याव तथा प्रविधिबाट शिक्षण सिकाई हुनुपर्ने ।
- शिशु तथा मन्टेश्वरी संचालन रहेका विद्यालयहरुमा आवश्यक खेल तथा शैक्षिक सामाग्रीहरुको व्यवस्थापन गर्नुपर्ने ।
- विकास निर्माणको काम कम गुणस्तर भएकोले प्रभावकारी अनुगमन हुनुपर्ने । वडा तहमा जनप्रतिनिधि तथा कर्मचारीले बाहिर निस्कदा कार्यवाहाक दिने प्रणाली नभएकोले सेवाग्राहीको काम सहज हुन नसकेको ।
- ग्रामीण क्षेत्रको बाटोको स्तरउन्नती तथा पक्की बाटो निर्माण गर्नुपर्ने र नालाहरुको निर्माणका लागि बजेट वृद्धि गर्नुपर्ने ।

# सुधार गर्नुपर्ने पक्ष

- खेल मैदानको उचित सुधार तथा व्यवस्थापन हुनुपर्ने ।
- विकास योजना तथा बजेटको बारेमा टोल विकास संस्थाका पदाधिकारीहरुलाई जानकारी दिनुपर्ने ।
- ग्रामीण क्षेत्रका वडाहरुमा निशुल्क एम्बुलेन्स सेवा सञ्चालन गर्नुपर्ने ।
- किसानहरुको जिवनस्तर उकास्नको लागि अनुदानलाई निरुत्साहित गरी रोजगार श्रृजना गर्ने कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने ।
- अपाङ्गमैत्री कार्यालय भवन निर्माण तथा लिफ्टको व्यवस्था गर्नुपर्ने ।
- पालिकाले गरेको सम्पुर्ण कामहरुको सार्वजनिकिकरण तथा पारदर्शी बनाउनु पर्ने ।
- पालिकाको अनुगमन संयन्त्रलाई प्रभावकारी बनाउनुपर्ने ।
- बजेट विनियोजनमा भेदभाव भएकोले यस्ता प्रवृतिलाई हटाउनुपर्ने ।
- वडातहका ग्रामीण क्षेत्रमा विकास निर्माणका काम जस्तै सडक, बिजुली, खानेपानिमा ढिलाई भएकोले तत्काल यसको पहल गर्नुपर्ने ।
- बालविवाह, दुर्ब्यसनी नियन्त्रण कार्यमा पालिका तथा वडा तहले ध्यान दिनुपर्ने ।
- पालिकाबाटै व्यावसाय गर्नका लागि सहुलियत कर्जाको व्यवस्थापन कृषकलाई हुनुपर्ने ।
- ग्रामीण क्षेत्रका विद्यालयको भौतिक अवस्थामा सुधार गरी गुणस्तरीय शिक्षा लागु गर्नुपर्ने ।